म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४३ बिहीबार, २४ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 8 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा नयाँ खेल मैदान बनाइने

हेटौंडा, २३ पुस/ मकवानपुरको हेटौंडामा नयाँ सार्वजनिक मैदान निर्माणको तयारी भइरहेको छ । हेटौंडा-४ नम्बर वडास्थित भुटनदेवी माध्यमिक विद्यालयको पूर्वी क्षेत्रमा खेल मैदान निर्माण गर्न लागिएको हो । नियमित खेलकुद गतिविधि सञ्चालन गर्न, सार्वजनिक कार्यक्रम सञ्चालन गर्न र नियमित व्यायामका क्रियाकलाप सञ्चालन गर्ने उद्देश्यले बहुउद्देश्यीय मैदान निर्माण गर्न लागिएको हेटौंडा ४ नं. वडा अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नविन सिग्देलले बताए ।

तत्काल मैदानको सरसफाई कार्य अगाडि बढाइएको र वडा, उपमहानगरपालिका, प्रदेश, संघीय सरकारको सहयोग जुटाएर सुविधा सम्पन्न खेल मैदान निर्माण गर्ने उदेश्य रहेको अध्यक्ष सिग्देलले बताए । यता, खेल मैदान निर्माणपश्चात् विभिन्न विद्यालय, क्लबहरूले विभिन्न खेलको आयोजना गर्नसक्ने र संघ, संस्था, संगठन र दलहरूले विद्यालयको नीतिभित्र रहेर कार्यक्रम आयोजना गर्न सक्ने विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमीरेले बताए ।

### राष्ट्रियसभा सदस्य निर्वाचन: बागमती प्रदेशमा ६ जनाको उम्मेदवारी

# कांग्रेस र एमालेबीच गठबन्धन, नेकपा र नेमकिपा एकलको एकल उम्मेदवारी

मनिल महतो

हेटौंडा, २३ पुस/ राष्ट्रियसभा सदस्य निर्वाचनको लागि बागमती प्रदेशमा रिक्त दुई पदको लागि ६ जनाको उम्मेदवारी परेको छ । प्रदेश निर्वाचन कार्यालय हेटौंडामा बुधबार विभिन्न दलका ६ जनाको उम्मेदवारी परेको हो । नेपाल मजदुर किसान पार्टी (नेमकिपा), नेकपा (एमाले), नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले उम्मेदवारी दर्ता गराएका छन् ।



नेमकिपाबाट कविता महर्जन र बिक्रम ढुकुछेले उम्मेदवारी दर्ता गराएका हुन् । बागमती प्रदेशतर्फको अन्य क्लस्टरमा ढुकुछे र महिला क्लस्टरमा महर्जनले मनोनयन दर्ता गरेका हुन् ।

प्रस्तावक सुनिल प्रजापति र रजनी जोशीको समर्थनमा ढुकुछेले मनोनयन दर्ता गराएका हुन् भने सुरेन्द्रराज गोसाँई प्रस्तावक र सृजना सायजु समर्थन रहने गरी महर्जनले मनोनयन दर्ता गरेकी हुन् ।

त्यसैगरी, एमाले र नेपाली कांग्रेसको गठबन्धनबाट एमालेका प्रेमप्रसाद दंगालले उम्मेदवारी दिएका छन् भने नेपाली कांग्रेसबाट गीता देवकोटाले मनोनयन दर्ता गराएकी हुन् । कांग्रेसको समर्थनमा उम्मेदबार बनेका डा. दंगाल अखिल नेपाल कृषक महासंघका अध्यक्ष हुन् । उनले विनु रायमाझी प्रस्तावक र हिदम लामा समर्थनमा मनोनयन दर्ता गरेका हुन् । चितवनकी देवकोटाले बागमती प्रदेशसभा सदस्य किरण थापा प्रस्तावक र रत्ननगर नगरपालिकाका मेयर प्रल्हाद सापकोटा समर्थनमा मनोनयन दर्ता गराएकी छन् ।

नेकपाबाट प्रेमप्रसाद सापकोटा र सरोजकुमारी झाले उम्मेदवारी दिएका छन् । सापकोटाको समर्थक भक्तबहादुर खत्री र प्रस्तावक प्रेमबहादुर पुलामी (छिन्तु) हुन् भने झाको प्रस्तावक मिनाकुमारी लामा र समर्थक सीता पुलामी मगर हुनुहुन्छ ।

निर्वाचन कार्यतालिका अनुसार बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता गर्ने समय तोकिएको थियो । बागमती प्रदेशमा दुई जना राष्ट्रियसभा सदस्यका लागि निर्वाचन हुँदैछ । तीमध्ये एक जना महिला र एक जना अन्य समूहबाट निर्वाचित हुनेछन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार बागमती प्रदेशसभाका एक सय १० जना सदस्य र प्रदेशका १३ जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख दुई सय ३८ जना गरी कूल तीन सय ४८ जना मतदाता रहेका छन् । मतभारका हिसाबले स्थानीय तहका प्रमुख-उपप्रमुखको कूल मतभार चार हजार पाँच सय २२ र प्रदेशसभा सदस्यको मतभार पाँच हजार आठ सय ३० गरी जम्मा १० हजार तीन सय ५२ मतभार रहेको छ ।

राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख-उपप्रमुखले मतदान गर्न पाउने व्यवस्था छ । राष्ट्रियसभा निर्वाचनका लागि हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयलाई मतदान स्थल तोकिएको छ । सो विद्यालयमा दुईवटा मतदान केन्द्र रहनेछन् । 'बी' ब्लकमा मतदान हुने र प्राविधिक भवनमा मतगणना गरिने प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

मतदान प्रक्रियाअनुसार प्रदेशसभा सदस्यले सेतो कागजमा हरियो रङको मसिले मतदान गर्नेछन् भने स्थानीय तहका प्रतिनिधिले रातो रङको मसिले मतदान गर्ने व्यवस्था गरिएको छ । निर्वाचन आयोगले माघ ११ गते विहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान समय तोकेको छ । हाल बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्य रहेका तत्कालीन नेकपा (माओवादी केन्द्र) की गंगाकुमारी बेलवासे र तत्कालीन नेकपा (एकीकृत समाजवादी) का बेदुराम भुषालको पदावधि २०८२ फागुनमा सकिन लागेकाले ती रिक्त हुने पदका लागि निर्वाचन हुन लागेको हो ।

बागमती प्रदेशमा नेपाली कांग्रेसको मतभार अन्य दलको तुलनामा धेरै छ । कांग्रेससँग प्रदेश सभामा ३७ सिट छ । स्थानीय तहतर्फ कांग्रेसका एकसय आठ प्रमुख तथा उपप्रमुख रहेकोमा एक जना मतदानमा सहभागी हुन नपाउने भएकाले एकसय सात जनामात्र मतदाता हुनेछन् । प्रदेश सभातर्फ एकहजार नौसय ६१ र स्थानीय तहतर्फ दुई हजार ३३ गरी कांग्रेसको कूल मतभार तीन हजार नौ ९४ हुन आउँछ ।

बागमती प्रदेशमा नेकपा एमाले दुई हजार पाँच सय ७१ मतभारका साथ दोस्रो स्थानमा छ भने नेकपा माओवादी केन्द्रको दुई हजार एक सय ९६ मतभार र नेकपा एकीकृत समाजवादीको पाँच सय ४२ मतभार छ । हाल माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भएको अवस्थामा यी दुवै दलको मतभार दुई हजार सात सय ३८ हुन आउँछ ।

प्रदेश सभामा १३ सिट भएको राप्रपाको कूल मतभार सात सय ८ मात्र छ भने नेमकिपाको एक सय ९७, हाम्रो नेपाली पार्टीको एक सय छ र स्वतन्त्र उम्मेदवारको १९ मतभार छ । ५९ सदस्यीय राष्ट्रिय सभामा प्रत्येक २ वर्षमा एक तिहाइ सदस्यको पदावधि सकिने र उनीहरूको ठाउँमा नयाँ चयन हुने व्यवस्था छ ।

सोही क्रममा अहिले राष्ट्रिय सभाका १९ सदस्य पद रिक्त हुन लागेको हो । तीमध्ये १८ जना निर्वाचनका माध्यमबाट राष्ट्रियसभा सदस्य भएका हुन् भने एक जना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित भएका हुन् । सोही अनुसार रिक्त हुने पदमा पूर्तिका लागि १८ जना निर्वाचनका माध्यमबाट र एक जना राष्ट्रपतिबाट मनोनित हुनेछन् ।

२०७२ सालमा जारी नेपालको संविधानले प्रतिनिधिसभा र राष्ट्रियसभालाई संघीय व्यवस्थापिकाको व्यवस्था गरी यसलाई संघीय संसद्को रूपमा नामकरण गरेको छ । प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित एक सय ६५ र समानुपातिक प्रणालीबमोजिम एक सय १० गरी कूल दुई सय ७५ जना रहने व्यवस्था गरेको छ । यस्तै, राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट समानुपातिक आधारमा आठ जना गरी ५६ जना र राष्ट्रपतिबाट मनोनित एक महिला सहित तीन जना गरी ५९ जना रहने व्यवस्था छ ।

राष्ट्रियसभाका सदस्यको पदावधि ६ वर्षको हुने संविधानमै उल्लेख गरिएको छ । राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक व्यवस्था छ ।

# चेपाङ समुदायका तीन जना समानुपातिक सूचीमा







साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अन्तर्गत् समानुपातिक सूचीमा चेपाङ समुदायका तीन जना परेका छन् ।

सीमान्तकृत समुदायबाट मकवानपुरका एकसहित तीन जना चेपाङ समुदायका समानुपातिक सूचीमा परेका हुन् । संविधानसभा सदस्य एवं नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले फरक तीन वटा पार्टीबाट तीन जनाको नाम प्रतिनिधिसभा सदस्यका लागि समानुपातिक सूचीमा समेटिएको जानकारी दिएका छन् ।

उनले मकवानपुरको एक र चितवनमा दुई जना चेपाङ समुदायका समानुपातिक सूचीमा परेको बताए । नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र गतिशिल लोकतान्त्रिक पार्टीले एक/एक जना समानुपातिकको बन्दसूचीमा राखेको छ ।

नेकपाबाट प्रतिनिधिसभा समानुपातिक सूचीमा पर्नेमा मकवानपुरको साबिक हाँडीखोला गाविस हालको मनहरी गाउँपालिका-३ स्थित सिद्धकालीका मङ्गलसिंह चेपाङ छन् । एमालेबाट चितवनको कालिका नगरपालिका शक्तिखोरका सन्तबहादुर चेपाङ समानुपातिक सूचीमा परेका हुन् ।

यस्तै, नवगठित गतिशिल लोकतान्त्रिक पार्टीले चितवनको राप्ती नगरपालिका कोराकका विश्वास चेपाङलाई समानुपातिक सूचीमा समेटेको छ । देश संघीयतामा गएसँगै सीमान्तकृत चेपाङ समुदायले नीति निर्माणदेखि कार्यकारी भूमिका निर्वाह गर्नेसमेत अवसर पाएका छन् ।

२०६४ सालको संविधान सभा सदस्यमा एमालेले मकवानपुरका गोविन्दराम चेपाङ र तत्कालीन माओवादी गोरखाकी माया चेपाङलाई संविधानसभा सदस्य बनाएको थियो । यस्तै, नेपाली कांग्रेसले मकवानपुरका सन्तबहादुर प्रजालाई प्रदेशसभा सदस्यहुँदै प्रदेश सरकारको राज्यमन्त्रीसम्मको जिम्मेवारीमा पुऱ्याएको थियो ।

प्रदेशसभाको पहिलो कार्यकालमा सन्तबहादुर बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास राज्यमन्त्री बनेका थिए । पूर्वराज्यमन्त्री सन्तबहादुरले पछिल्लो समयमा मधेशी, दलित, जनजाति, सीमान्तकृतलगायतको नाममा पहुँचवाला र प्रभावशालीले अवसर पाउनु संघीयता र संविधानको भावना अनुसार नभएको बताउनुभयो । २०७८ सालको जनगणना अनुसार नेपालमा चेपाङ समुदायको जनसंख्या ८४ हजार तीनसय ६४ रहेको छ ।

# बागमतीका १५ पालिकासँग तालिम सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ बागमती प्रदेशका १५ स्थानीय तहसंग सीपमूलक तालिमका लागि सम्झौता भएको छ ।

व्यावसायिक सीप विकास तालिम संचालनका लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् र १५ स्थानीय तहबीच सम्झौता भएको हो ।

सामाजिक विकास मन्त्रालयमातहत १५ वटा स्थानीय तहबीच सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि समझदारीपत्रमा हस्ताक्षर गरेको हो ।

सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादेको प्रमुख आतिथ्य तथा परिषद्का प्रमुख कार्यकारी निर्देशक शान्ति लामाको अध्यक्षतामा मंगलबार सम्झौता कार्यक्रम भएको थियो । सम्झौता अनुसार प्रदेशका ८ जिल्लाका १५ वटा स्थानीय तहमा ९ वटा विभिन्न पेशामा छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गरिनेछ । जसअन्तर्गत् मकवानपुर जिल्लाका ६ वटा स्थानीय तह, काठमाडौं र नुवाकोटका २-२ वटा स्थानीय तह तथा सिन्धुपाल्चोक, रामेछाप, दोलखा, धादिङ र काभ्रे जिल्लाका १-१ वटा स्थानीय तहहरु समेटिएका छन् ।

कार्यक्रममा बोल्नुहुँदै मन्त्री वादेले बेरोजगार युवाहरुलाई सीपसँग जोडेर आत्मनिर्भर बनाउने लयमा प्रदेश सरकार रहेको बताए । परिषद्ले संचालन गरेको सीपमूलक कार्यक्रमले युवालाई रोजगारी प्रदान गर्नुको साथै उद्यमशीलतातर्फ अग्रसर गराएको उनले बताए ।

स्थानीय तहको साझेदारीमा सञ्चालन हुने तालिमले लक्षित वर्गसम्म पहुँच पुऱ्याउन सहज हुने उनको भनाइ छ । परिषद्ले स्थानीय तहहरुसँगको समन्वयमा छोटो अवधिको तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने र उनीहरुलाई रोजगारी एवम् स्वरोजगारीको अवसर सिर्जना गर्ने लक्ष्य राखेको उनले जानकारी दिए ।

सम्झौतापछि अब सम्बन्धित स्थानीय तहहरुमा तोकिएका विषयमा तालिम प्रक्रिया अगाडि बढ्ने परिषद्का कार्यालय प्रमुख देवनारायण चौधरीले जानकारी दिए । सम्झौता कार्यक्रममा बेलकोटगढी नगरपालिकाका प्रमुख जगतबहादुर घलान गुरुङ, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, ताँदी गाउँपालिकाका अध्यक्ष सन्तमान तामाङ र भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाको उपस्थिति थियो ।

त्यसैगरी, तारकेश्वर नगरपालिकाकी उपप्रमुख सृजना बुर्लाकोटी अर्याल, मेलम्ची नगर पालिकाकी उपप्रमुख उमा प्रधान र तामाकोशी गाउँपालिकाका अध्यक्ष प्रोणप्रताप केसीलगायतको सहभागिता थियो ।

## पौष २६ गते थाहा दिवस मनाइने



साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ पौष २६ गते थाहा दिवस विभिन्न कार्यक्रमसहित मनाइने भएको छ । दिवङ्गत रुपचन्द्र बिष्टको जन्मजयन्तीको अवसर पारेर विगत डेढ दशकदेखि फरक सोच अभियानद्वारा थाहा दिवस मनाइँदै आएको हो ।

यस वर्ष रुपचन्द्र बिष्टको ९२ औँ जन्मजयन्तीको अवसरमा थाहा पत्रकारिता पुरस्कार-२०८२ तथा तीर्थदास श्रेष्ठ स्मृति सामाजिक सम्मान-२०८२ प्रदान गरिने फरक सोचका अभियन्ता रामकुमार कार्कीले जानकारी दिएका छन् ।

थाहा पत्रकारिता पुरस्कार मकवानपुरका सक्रिय पत्रकारलाई निरन्तर प्रदान हुँदै आएको प्रतिष्ठित पुरस्कार हो । विसं २०७२ सालमा पहिलोपटक मकवानपुरका वरिष्ठ पत्रकार प्रताप बिष्टलाई प्रदान गरिएको यो पुरस्कार पछिल्लो वर्ष अन्नपूर्ण पोस्टकी वरिष्ठ पत्रकार ममता थापालाई प्रदान गरिएको थियो । यो पुरस्कार ताम्रपत्रसहित ११ हजार रुपैयाँ नगदसहित प्रदान गरिँदै आएको छ ।

पुरस्कारस्वरूप प्रदान गरिँदै आएको नगद रकम हालसम्म प्रताप बिष्टले सहयोग गर्दै आउनुभएको थियो भने, यस वर्षदेखि उक्त नगद रकम थाहा नगरपालिका-२ का समाजसेवी माधव कार्कीले प्रदान गर्नुहुने अभियन्ता कार्कीले बताए ।

त्यसैगरी, तीर्थदास श्रेष्ठ स्मृति सामाजिक सम्मान थाहा नगरको प्रचार-प्रसार, प्रवर्द्धन, उन्नयन तथा सामाजिक, शैक्षिक, खेलकुदलगायत विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रदान गरिँदै आएको छ । यस सम्मानबाट यसअघि चलचित्र निर्देशक शोभित बस्नेत, पर्यटन क्षेत्रमा होटल अध्याय, पानोरमा, सुनगाभा अर्किड रिसोर्टलगायतलाई सम्मान गरिसकिएको छ ।



Authorized Service Point in Hetauda
Himalayan Motors Pvt.Ltd.
हेटौंडा-२, चौकीटोल, ०५७-५९०३३३, ९८२४२९०९६४, ९८०२५६८९७०

साझाकुरा

## हाम्रो कुरा

# चेपाङको पहिचान संकट र राज्यको जिम्मेवारी

राष्ट्रिय मानवअधिकार आयोगले सार्वजनिक गरेको 'चेपाङ समुदायको मानवअधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८२' ले अति सीमान्तकृत चेपाङ समुदाय अझै आधारभूत अधिकारबाट वञ्चित रहेको स्पष्ट देखाएको छ । नागरिकता, जन्मदर्ता र सामाजिक सुरक्षा भत्ताजस्ता न्यूनतम अधिकार प्राप्त गर्नसमेत चेपाङ समुदायले भोगिरहेको कठिनाइ आधुनिक राज्यको लागि गम्भीर चुनौती हो । शिक्षा र कानुनी सचेतनाको अभाव, गरिबी र भौगोलिक दुर्गम अवस्थाले चेपाङ समुदायलाई अझै पछाडि धकेलेको छ । बालविवाहको प्रचलन कायम रहँदा विवाह दर्ता हुन सक्दैन, सोही कारण नवजात शिशुको जन्मदर्ता रोकिन्छ र बालबालिकाको शिक्षामा अवरोध सिर्जना हुन्छ । नागरिकता नहुँदा युवादेखि ज्येष्ठसम्म सामाजिक सुरक्षाका योजनाबाट वञ्चित हुनु पर्ने अवस्था उत्पन्न हुनु राज्यका कार्यक्रमहरू सीमान्तकृत समुदायसम्म पुग्न नसकेको प्रमाण हो ।

घुम्ती शिविरमार्फत वितरण गरिएका नागरिकतामा वास्तविक उमेरभन्दा कम उल्लेख हुनु अर्को समस्याको रूपमा देखिएको छ । यसले ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रमबाट टाढा राखेको मात्र होइन, कानुनी पहिचानलाई नै कमजोर बनाएको छ । दिगो विकास लक्ष्य १६ अन्तर्गत २०३० सम्म सबैलाई कानुनी पहिचान र जन्मदर्ता उपलब्ध गराउने प्रतिबद्धता चेपाङ समुदायको यथार्थसँग तुलना गर्दा अझै दूर देखिन्छ । चेपाङ समुदायमा ९ प्रतिशत नागरिक नागरिकताविहीन हुनु, धेरैको जन्मदर्ता नहुनु र सामाजिक सुरक्षा कार्यक्रममा समावेश नहुनु केवल प्रशासनिक कमजोरी मात्र होइन–यो राज्यको समावेशीता र समानताको आधारभूत सिद्धान्तसँग सम्बन्धित विषय हो । कानुनी पहिचानविहीन नागरिक व्यवहारमा अदृश्य हुन्छन्, आफ्नो अधिकार प्रयोग गर्न सक्दैनन् र विकासका लाभबाट पछाडि पारिन्छन् ।

अब समाधानतर्फ जिम्मेवार कदम आवश्यक छ । स्थानीय तहदेखि संघीय निकायसम्म समन्वय गर्दै नागरिकता तथा जन्मदर्ता अभियानलाई लक्षित गरी अघि बढाउनुपर्छ । कानुनी सचेतनामूलक कार्यक्रम, विद्यालय र समुदायस्तरका अभियान र विशेष क्याम्पमार्फत सेवा पुर्‍याइँदा मात्र परिवर्तन सम्भव छ । चेपाङ समुदायको पहिचान सुरक्षित गर्नु करुणा होइन–संविधानले सुनिश्चित गरेको अधिकारको सम्मान हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २६ गते शुक्रबार ९ जनवरी २०२६ । षष्ठी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# रवि, बालेन र कुलमान जोड्ने वैचारिक सूत्र



✍ क्रान्तिशिखा घिताल

पुस १२ देखि १४ गतेसम्म वैकल्पिक राजनीतिक धारमा जे-जे घट्यो, त्यो कुनै आकस्मिक घटना थिएन । त्यो जनताले चाहेको, महसुस गरेको र लामो समयदेखि खोजिरहेको दिशाको स्पष्ट अभिव्यक्ति थियो । ती तीन दिनले एउटा गहिरो सन्देश दिए- राजनीति अब नारामा कैद हुँदैन घटनाले बोल्छ ।

एउटा व्यक्ति जेलबाट निस्किएको केही घण्टामै कति धेरै सम्भावना जन्मिन सक्छन् भन्ने जीवित प्रमाण यही कालखण्डले देखायो । रवि लामिछानेले एकपटक भन्नुभएको थियो, "मेरो कुनै रङ छैन, कुनै बासना छैन । म त धागो हुँ, जसलाई तोड्न सजिलो छैन ।" त्यो वाक्य कुनै भावुक उपमा र प्रतीकात्मक वाक्य मात्रै रहेन । व्यवहारमै उहाँले आफूलाई धागो बनाउँदै नयाँ पुस्तालाई स्वागत गर्नुभयो । भरोसाको बलमा एकता बुन्नुभयो । विचार मिल्यो कि मिलेन भन्ने बहस हुन सक्छ, तर उहाँले जनता बीच भरोसा असाधारण रूपमा जोडिदिनुभयो, धेरै समयदेखि टुटेर, थकित भएर बसेका जनआकांक्षालाई एउटै बलियो गाँठोमा बाँधिदिनुभयो । उहाँले नेपाली राजनीतिमा आशाको नयाँ अध्यायको सुरुआत गरिदिनुभयो ।

त्यसैले यो बेलामा हामीले भन्नुपर्ने हुन्छ-रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङको एकता जात-जातिको गणित मिलाएर बनाइएको कुनै कृत्रिम संयोजन होइन । यो कुनै कोटा, समीकरण वा शक्ति-सन्तुलनको सम्झौता पनि होइन । यो नेपाली समाजको वास्तविक चरित्रको स्वाभाविक अभिव्यक्ति हो ।

नेपाल कुनै एकरङ्गी समाज होइन । नेपाल भाषा, भूगोल, वर्ग, संस्कृति र अनुभवले बनेको इन्द्रेणी समाज हो । र यही इन्द्रेणी समाजबाट जन्मिएका प्रतिनिधि पात्रहरू हुन् रवि, बालेन र कुलमान । जनजीवनको भुईंबाट उठेका पात्र, जसले वास्तविकता बुझेर, अनुभव र प्रतिबद्धताबाट नेतृत्वको क्षमता हासिल गरेका छन् । यही वास्तविकता र जनजीवनको आधारमा जन्मिएको नेतृत्वले मात्र अस्थायी वा शक्ति सन्तुलनको एकता भन्दा फरक, दिगो र प्रभावकारी राष्ट्रिय एकताको ढाँचा निर्माण गर्न सक्छ ।

यो देशमा राष्ट्रिय एकताको कुरा सधैं हुन्छ । भाषणमा हुन्छ, नारामा हुन्छ, घोषणापत्रमा हुन्छ । तर त्यो एकता कहिल्यै स्थायी हुन सकेन । राष्ट्रिय एकताको कुरा सबैभन्दा बढी राजावादीहरूले गरे, तर राजावादी शक्तिहरू आफैं कहिल्यै एक हुन सकेनन् । अहिले मुस्किलले जेनजी आन्दोलनको दबाबपछि राजावादी धारको दल राप्रपा एक त देखिएको छ तर यो एकता कति टिक्छ, त्यो अझै अनिश्चित छ । किनकि विचारविहीन, लक्ष्यविहीन र भविष्यको खाका विना बनाइने एकताको नियति इतिहासले पटक-पटक देखाइसकेको छ ।

विगतमा एमाले र कांग्रेस पटक-पटक फुटेका छन् । माओवादी त झन्डै दर्जनौं टुक्रामा विभाजित भयो । कहिले माओवादी केन्द्र, कहिले एकीकृत नाम फेरिंदै गयो, तर न माओवादी साँच्चिकै एकीकृत हुनसक्यो, न त केन्द्रित भएर आफूलाई सम्हाल्न सक्यो । हामीसँग भर्खरै आएका विवेकशील साझा पार्टीको विगत पनि यस्तै छ । विवेकशील नेपाली दलबाट साझा पार्टीसँग मिल्दै फुट्दै गरेको अनुभव बोकेर यहाँ आएको छ उक्त पार्टी । भविष्यमा यस्तो तिक्ततापूर्ण अनुभव नदोहोरियोस् भनेर यसलाई आरोपका रूपमा होइन, चेतावनीका रूपमा लिनुपर्छ ।

हामी आज प्रतिबद्धता जनाऔं । हाम्रो एकता यस्तो नहोस् । तर प्रतिबद्धता र कामनाले मात्र पुग्दैनह केवल इच्छा भएर मात्र इतिहास बदलिँदैन । अहिले हामीसँग लड्ने शक्ति छ । कसले बढी त्याग गर्ने भन्ने पवित्र भावना छ । किनकि आज हामी विपक्षमा छौं, बाहिर छौं, संघर्षमा छौं । तर भोलि, जब हामीसँग सत्ता हुनेछ, त्यतिबेला 'हामीमध्ये को हो ?' कसले बढी पायो र कम भन्ने प्रश्न अचानक महत्त्वपूर्ण बन्न सक्छ । शक्ति हुने र नहुने बीच अदृश्य द्वन्द्व जन्मिन सक्छ । यही बिन्दुमा अधिकांश नेपाली राजनीतिक प्रयोग असफल भएका छन् । त्यसैले यसप्रति हामी आजै सजग हुनुपर्छ ।

एकले अर्कोलाई होच्याउने, हेप्ने, अपमान गर्ने, योगदानलाई सानो बनाउने प्रवृत्ति भोलिका दिनमा नआओस् भनेर आजैबाट काम गरौं । एकताको परीक्षा व्यवहारमा हुन्छ । किनकि सत्ता संयम माग्छ, सत्ता धैर्य माग्छ । धेरैले भन्छन् नेतृत्वको सामर्थ्य र सीमा सङ्कटका बेलामा देखिन्छ । तर मलाई हिजोआज लाग्न थालेको छ नेतृत्वको वास्तविक सामर्थ्य र सीमा त सुख-सुविधामा प्रकट हुन्छ । त्याग गर्ने बेला कोभन्दा को कम हुनेहरू प्राप्तिका क्षणमा टक्कराउँछन् ।

हाम्रो सभापतिमाथि विभिन्न आरोप लाग्दा हामी एकजुट भएर लड्यौं । त्यो राजनीतिक प्रतिशोध थियो र हो भन्नेमा हाम्रो आवाज सधैं एउटै रह्यो । तर भोलि, जब हामीसँग अझ धेरै अवसर, पद, स्रोतहरू आउनेछन् के हामी त्यही एकतामा टिकिरहन सक्छौं ? कि हामी एक-अर्कालाई अपमान गर्दै, शङ्काको नजरले हेर्दै, विस्तारै टाढिँदै जानेछौं ? त्यसको तयारी आजैबाट गर्नुपर्छ ।

२०४८ सालमा कांग्रेसले बहुमत पायो, तर त्यसलाई व्यवस्थापन गर्न सकेन । २०५६ मा फेरि बहुमत पायो, फेरि असफल भयो र आफैं फुट्यो । २०६४ मा माओवादी झन्डै बहुमतको नजिक पुगेर पहिलो पार्टी बन्यो । उसले पनि सम्हाल्न सकेन र फुट्यो । २०७४ मा एमाले र माओवादी मिलेर बहुमत ल्याए, तर त्यो पनि टिकाउन सकेनन् । नेपालमा बहुमत पाउनु नै फुटको सुरुआत जस्तै भएको छ । बहुमत आयो कि फुट्ने दिन सुरु भएको जस्तो इतिहासले देखाउँछ ।

अब हामी त्यो इतिहास तोडौं । इतिहास सधैं एकै किसिमले दोहोरिँदैन । इतिहास नयाँ-नयाँ चेतना, नयाँ-नयाँ अभ्यास र नयाँ-नयाँ राजनीतिक संस्कृति मार्फत पुन: लेखिन्छ । त्यो कुरा हामी प्रमाणित गरिदिऔं । हामी मानसिकतामा पनि स्वतन्त्र छौं । पार्टीभित्रका साना-साना बन्धन, गुट, स्वार्थ र अहङ्कार भन्दा माथि छौं भन्ने कुरा व्यवहारबाट देखाऔं । यस्ता दिनहरू आउँदै छन् त्यसका लागि आजैबाट तयार बनौं ।

हिजो पार्टीमा भित्रिने बाटो र बाहिरिने ढोकाबारे स्पष्ट नीति थिएन, त्यसैले हामीले फराकिलो फदयका साथ सबैलाई स्वागत गर्‍यौं र बिदाइलाई पनि सहज बनायौं । तर यही सहजता र भावनात्मक उदारताले पार्टीलाई केही क्षति पनि पुर्‍याएको सत्य अब लुकाउन मिल्दैन । पार्टी केवल सङ्गठन होइन, साझा विचार, साझा अनुशासन र दीर्घकालीन जिम्मेवारी हो भन्ने कुरा त्यो बेला बुझाउनुपर्ने थियो । हिजो सकेनौं अब भनौं ।

आज पार्टी ठूलो र प्रभावशाली बनेको छ, र प्रभावसँगै जिम्मेवारी पनि बढेको छ । अब पार्टी भावनाले होइन, प्रणालीले चल्नुपर्छ, व्यक्तिगत सम्बन्धले होइन, संस्थागत निर्णयले निर्देशित हुनुपर्छ । फराकिलो फदय हाम्रो शक्ति हो, तर अस्पष्टता हाम्रो कमजोरी बन्न दिनुहुँदैन । स्वागत होस्, तर विचारसँग मेल खाने गरीह बिदाइ होस् संस्थागत प्रक्रियाबाट ।

पार्टी कसैको अस्थायी विश्रामस्थल होइनह यो साझा सपना, साझा सैर्ष र साझा भविष्य बोकेको राजनीतिक संस्था हो । यहाँ प्रवेश गर्नेले केवल अवसर होइन, जिम्मेवारी बोक्नुपर्छह यहाँ रहनेले पद होइन, आत्मसंयम र अनुशासन देखाउनुपर्छह र यहाँबाट बाहिरिनेले पनि संस्थाको गरिमा, मर्यादा र मूल्यलाई सम्मान गर्नुपर्छ । यही चेतनाले मात्र पार्टीलाई संख्यामा ठूलो होइन, चरित्रमा बलियो, विश्वासमा टिकाउ र इतिहास परिवर्तन गर्न सक्ने राजनीतिक शक्ति बनाउँछ । यो बुझाउन ढिला नगरौं ।

हामी सिङ्गो देशलाई एक बनाउन सक्छौं । तर त्यसका लागि, पहिला हामी आफैं साँच्चिकै एक हुनुपर्छ । हिजो व्यक्तिका स्वार्थका कारण पार्टी फुट्दा पनि त्यसलाई राजनीतिक लेपन दिइन्थ्यो, वैचारिकताको आवरण ओढाइन्थ्यो । तर आज हामी यस्तो अवस्थामा छौं, जहाँ हाम्रो वैचारिकता के हो भन्ने कुरा नै धेरै ठाउँमा अझै परिभाषित हुन बाँकी छ । यस्तो अवस्थामा व्यक्तिगत स्वार्थ हावी हुने खतरा झन् बढ्छ । हामी छिन्न-भिन्न पनि हुन सक्छौं । त्यस्ता दिन नआओस् भनेर आजैबाट हामीले एउटा साझा मान्यता निर्माण गर्नुपर्छ ।

प्रवासमा पसिना बगाएर काम गरिरहेका नेपालीलाई पनि सोधौं । उनीहरूको पीडा, आशा र अपेक्षाबाट हाम्रो विचार निर्माण गरौं । हाम्रो साझा मान्यता नेताको सुविधा होइन, जनताको अनुभवबाट जन्मिनुपर्छ । हाम्रो विचार घोषणापत्रमा मात्र होइन, जनजीवनमा देखिनुपर्छ । त्यसरी बनेको विचारले मात्र हामीलाई एक राख्न सक्छ । नत्र, वैचारिक अस्पष्टतामा स्वार्थले बाटो खोज्छ र पार्टी फेरि फुट्छ ।

अहिले नागरिकमा जति उत्साह छ, त्यत्तिकै गहिरो डर पनि । यदि हामी फेरि फुट्यौं भने, जेन-जेडले सडकमा उत्रेर दिएको त्यत्रो बलिदान व्यर्थ हुनेछ, नागरिकले हामीमाथि राखेको भरोसा निर्दयी रूपमा चकनाचूर हुनेछ, र देश फेरि कांग्रेस-एमालेले लामो समय देखाएको पुरानै सर्कसमा फर्किनेछ । ती पार्टीहरूबाट निराश भएर नागरिक हामीतिर आएका हुन् त्यो आशाले हामीलाई उठाएको हो । तर यदि भोलि फेरि उही अनुहार, उही संस्कार, उही बेइमानी राजनीति देखियो भने, त्यो कति डरलाग्दो हुनेछ, एकछिन सम्झौं । त्यो केवल हाम्रो हार होइन, त्यो नागरिकको विश्वासमाथि गरिएको धोका हुनेछ । त्यो बलिदानमाथि गरिएको अपमान हुनेछ । इतिहासले त्यसको लेखाजोखा कहिल्यै भुल्ने छैन । हामीले आजको जिम्मेवारी सम्झिनुपर्छ यो शक्ति केवल हाम्रो होइन, यो नागरिकको भविष्य र देशको आत्मसम्मानसँग जोडिएको छ ।

जसरी जेलबाट निस्किनासाथ हाम्रो सभापतिले उदारता, धैर्य र राजनीतिक परिपक्वता देखाउँदै एकताको पक्षमा अगाडि बढ्नुभयो, त्यही परम्परा हामीले भित्रैबाट जोगाउनुपर्छ । भोलि पार्टीभित्र दरार पैदा हुँदा त्यसलाई सम्हाल्न बाहिर बाट अर्को 'रवि' खोज्नुपर्ने अवस्था नआओस् । एकता कुनै व्यक्तिको असाधारण हस्तक्षेपले होइन, हाम्रो सामूहिक चेतना, आत्मसंयम र जिम्मेवारी बोधले टिक्नुपर्छ । यदि सङ्कट आउँछ भने, हामी सबैले आफूभित्रै त्यो उदारता जन्माउन सक्नुपर्छ त्यही नै साँचो नेतृत्व हो, त्यही नै दिगो एकताको आधार हो ।

यो एकता, एक ताका भनेर अरू दलले वा कसैले पनि खिसीटिउरी गर्ने दिन कहिल्यै नआओस् । हामी साँचो अर्थमा नयाँ र वैकल्पिक शक्तिहरूको साझा मञ्च बन्न सकौं । विगतमा एकता र सहकार्यका नाममा दलहरूले गरेका व्यक्तिकेन्द्रित स्वार्थहरूको मञ्चन अब नेपालमा पटक-पटक दोहोरिन हुँदैन । विचार र मान्यताको बलियो धागोले यसलाई जोडिराख्नेछ ।

*(साभार: अनलाइनखबर)*

# रमाइलो जीवन: प्रकृतिको अनुपम उपहार

✍ इन्द्रकुमार श्रेष्ठ

जीवन एउटा यस्तो महाकाव्य हो, जसको रचनाकार हामी आफैं हौं । यसको आरम्भ एउटा सुन्दर र रहस्यमय मौनताबाट हुन्छ । हामी यो धर्तीमा कहिले र कुन घडीमा आइपुग्छौं, त्यसको हामीलाई कुनै हेक्का हुँदैन । एउटा सानो शरीर, मुट्ठीभरिका औंलाहरू र अबोध आँखा लिएर हामी जब यस धर्तीमा खुट्टा टेक्छौं, तबदेखि नै हाम्रो परिचयको शृंखला शुरु हुन्छ । शुरुमा हामी केवल 'प्राणी' हुन्छौं, तर बिस्तारै आमाको न्यानो काख र बुबाको दरिलो छहारीले हामीलाई एउटा अर्थ दिन्छ ।

बाल्यकाल जीवनको त्यो बिहानी हो, जहाँ स्वार्थको कुनै बादल हुँदैन र अहङ्कारको कुनै पहाड हुँदैन । त्यो समय सबैको प्यारो बन्नुको आनन्द नै बेग्लै हुन्छ । साना हातगोडा चलाउँदा होस् वा तोते बोलीमा संसारका जटिल प्रश्नहरू सोध्दा, बालकको रूपमा हामीले पाउने निष्कपट प्रेम नै जीवनको पहिलो रमाइलो पक्ष हो । बाल्यकालमा हामीलाई न भोलिको चिन्ता हुन्छ, न हिजोको पछुतो । हामी केवल वर्तमानमा बाँच्छौं, शायद त्यही नै वास्तविक जीवन पनि हो ।

अलि-अलि बुझ्ने भएपछि जब हामी घरको साँघुरो सँघार नाघेर प्रकृतिसँग नाता गाँस्छौं, तब जीवनको असली रङ्ग देखिन थाल्छ । यो विशाल संसार हाम्रो लागि एउटा ठूलो पाठशाला बनिदिन्छ । हाम्रा वरिपरि रहेका अग्ला र अटल हिमालहरूले हामीलाई धैर्य र उच्चताको पाठ सिकाउँछन् । कलकल बग्ने स्वच्छ नदीनालाहरूले जीवनलाई निरन्तर बगिरहनुपर्छ भन्ने सन्देश दिन्छन् । वनजंगलको सुगन्ध, नाच्ने चराचुरुङ्गीहरू र रङ्गीचङ्गी फूलहरूले हाम्रो मन मात्र बहलाउँदैनन्, बरु हाम्रा संवेदनाहरूलाई कोमल बनाइदिन्छन् ।

कहिले खेतबारीको हरियालीमा हराउनु, कहिले गाईवस्तुका बाच्छाहरूसँग दौडिनु त कहिले आकाशको जून र तारालाई समात्ने सपना देख्नु- यिनै कुराले हाम्रा दिनहरू मात्र कटाउँदैनन्, बरु भित्रैदेखि बाँच्ने एउटा दह्रो प्रेरणा पनि दिइर हन्छन् । प्रकृतिको यो काखमा हुर्कंदा मानिसले बुझ्छ कि ऊ एक्लो छैन, ऊ त यो विशाल ब्रह्माण्डको एउटा सानो तर जीवन्त अंश हो । प्रकृतिका हरेक अवयवले दिने यो साथ नै जीवनको प्रारम्भिक तर गहिरो रमाइलो हो । यस प्रकृतिको काखबाट अलि पर पुग्दा आधुनिक कालमा मानव निर्मित भौतिक सम्पदाहरू र प्रविधियुक्त निर्माणहरूले हाम्रो जीवनलाई अर्को रमाइलो पाटो प्रदान गरेका छन् । आजको संसारमा विज्ञानले गरेका चामत्कारिक आविष्कारहरू, आकाश छुने गगनचुम्बी महलहरू, समुद्रमाथि बनेका लामा पुलहरू र मानिसको कामलाई सहज बनाउने जटिल यन्त्रहरू देख्दा मानव बुद्धिको श्रेष्ठताप्रति गर्व लाग्छ । आधुनिक प्रविधिको प्रयोगले संसारलाई एउटा सानो गाउँमा परिणत गरिदिएको छ ।

टाढा रहेका आफन्तसँग पलभरमै भिडियोमा कुरा गर्न पाउनु, इन्टरनेटको माध्यमबाट विश्वको जुनसुकै कुनाको जानकारी तुरुन्तै लिनु र प्रविधिको सहायताले कठिन कामहरू पनि चुट्कीको भरमा सम्पन्न गर्नुले हाम्रो जीवनलाई निकै सुविधायुक्त र रोचक बनाएको छ । प्रविधिको यो विकासले मानिसको समय बचाएको मात्र छैन, बरु नयाँ कुरा सिक्ने र अनुभव गर्ने अनन्त ढोकाहरू पनि खोलिदिएको छ । आधुनिक संरचनाहरूको भव्यता र प्रविधिको यो जादुमय संसारमा बाँच्न पाउनु पनि हाम्रो समयको एउटा ठूलो रमाइलो हो ।

समयको गतिसँगै जब हामी युवा अवस्थाको दैलोमा उभिन्छौं, तब जीवनको लय अझ द्रुत, जोसिलो र रङ्गीन बन्न थाल्छ । यो अवस्था ऊर्जाको यस्तो मुहान हो, जहाँ असम्भव भन्ने शब्द शब्दकोशमै हुँदैन । यो उमेरमा हाम्रा सपनाहरूका पखेटा पलाउँछन् र हामी त्यसै-त्यसै आकाश छुन खोज्छौं । परिवारको माया र सुरक्षाको घेराभन्दा अलि बाहिर निस्केर जब हामी समाजसँग जोडिन्छौं, तब शिक्षकहरूको बौद्धिक सान्निध्य र विद्यार्थी साथीसँगीहरूको र माइलो जमघटले जीवनलाई एउटा नयाँ आयाम दिन्छ । तर, युवा अवस्थाको असली रमाइलो केवल उन्मुक्त मोजमस्तीमा मात्र सीमित छैन । यहाँ त कर्तव्यको भारीलाई फूलको थुँगाझैं सहजताका साथ उठाउनुको छुट्टै गौरव छ । अलिकति मिहिनेत र अलिकति जिम्मेवारीको काँध थाप्दा मनमा जुन आत्मसम्मान र ऊर्जा पैदा हुन्छ, त्यसले जिन्दगीलाई अझ अर्थपूर्ण बनाउँछ । आफ्नो पसिनाले आफ्नै भविष्यको चित्र कोर्नुको आनन्द नै बेग्लै हुन्छ ।

यही ऊर्जावान् समयमा जब हामी केही नयाँ वस्तु वा विचारको सिर्जना गर्छौं, तब मनमा एउटा अलौकिक तृप्ति छाउँछ । सिर्जनाको आनन्द भनेको ईश्वर हुनुको आभास पाउनुजस्तै हो । चाहे त्यो एउटा चित्र कोर्नुहोस्, बगैंचामा नयाँ फूल फुलाउनुहोस्, कुनै नयाँ प्रविधि विकास गर्नुहोस् वा एउटा सानो लेख लेख्नुहोस्- शून्यबाट केही निर्माण गर्दा प्राप्त हुने त्यो खुशी अरू कुनै भौतिक सुखसँग तुलना हुन सक्दैन ।

युवा अवस्थामा यदि थोरै संयमता र सुहाउँदिलो नम्रतालाई जीवनशैली बनाउन सकियो भने, मानिस केवल सफल मात्र हुँदैन, बरु सबैको श्रद्धाको पात्र पनि बन्छ । अध्ययनको लामो र धैर्यपूर्ण यात्रा पूरा गरेपछि जब मानिस आफ्नो रुचि र क्षमताअनुसारको कार्यक्षेत्रमा संलग्न हुन्छ, तब श्रम पनि एउटा सिर्जना र उत्सव बन्न पुग्छ । यही सिलसिलामा साहित्यको संसारमा प्रवेश गर्नु अर्को गहिरो रमाइलो हो । साहित्यले हामीलाई सहानुभूति राख्न सिकाउँछ र संसारका मानिसहरूका बीचमा रहेका भावनाका साझा तन्तुहरूलाई बुझ्न मद्दत गर्छ । राम्रो पुस्तक पढ्नु भनेको एउटा विद्वान व्यक्तिसँग संवाद गर्नुजस्तै हो, जसले हाम्रो एकान्तलाई पनि उत्सवमा बदलिदिन्छ ।

जीवनको अर्को सुन्दर पाटो भनेको परोपकार र सेवा हो । मानिसको जीवन तब मात्र पूर्ण हुन्छ, जब उसले आफूभन्दा बाहिर निस्केर अरूको लागि केही सोच्छ । कसैलाई गाह्रोसाह्रो परेको बेलामा सानो सहयोग गर्नु, कसैको आँसु पुछ्नु वा निराश मनमा आशाको ज्योति बाल्नुले जुन खुशी दिन्छ, त्यो नै जीवनको सर्वोच्च रमाइलो हो । परोपकारले हामीलाई अरूसँग जोड्छ र हाम्रो अहङ्कारलाई पगालिदिन्छ । अरूलाई खुशी बनाउन सक्नु नै आफैं खुशी हुने सबैभन्दा सजिलो बाटो हो । समाजमा रहेका दीनदु:खीहरूको सेवा गर्दा वा अप्ठ्यारोमा परेका साथीलाई हात दिँदा प्राप्त हुने त्यो आत्मिक आनन्दले हाम्रो जीवनलाई सुगन्धित बनाउँछ । परोपकार भनेको केवल धन दिनु मात्र होइन, बरु कसैलाई समय दिनु, मीठो बोल्नु र उसको अस्तित्वलाई सम्मान गर्नु पनि हो ।

आफ्नो रुचि, इच्छा र भावनाको धड्कन बुझ्ने जीवनसाथीसँगको सहयात्रा शुरु भएपछि त जीवनको रमाइलोले अर्को उचाइ लिन्छ । दुईवटा भिन्न अस्तित्वहरू जब एउटै लक्ष्य र प्रेमको सूत्रमा बाँधिन्छन्, तब संसारका सारा दु:खहरू पनि साना लाग्न थाल्छन् । त्यसपछि सन्तानको प्राप्ति अर्को ठूलो सुख हो । आफ्नै काखमा एउटा नयाँ जीवनको मुस्कान देख्दा मानिसलाई आफूले आफैँलाई नयाँ रूपमा जन्माएको आभास हुन्छ ।

उनीहरूको तोते बोली सुन्नु, उनीहरूको सानो पाइलालाई औंला समातेर डोर्‍याउनु र उनीहरूको प्रगतिमा आफ्नो भविष्य देख्नु मानव जीवनको एक अद्भुत र अलौकिक उपलब्धि हो । समयको चक्र कहिल्यै रोकिँदैन । हिजोका साना नानीहरू जब वयष्क हुन्छन् र परिवार विस्तार हुन्छ, तब खुशीका रङ्गहरू थप गाढा हुँदै जान्छन् । छोराले बुहारी ल्याउँदा एउटी नयाँ छोरीको आगमन भएको महसुस हुनु र छोरीले ज्वाइँ पाउँदा सम्बन्धको अर्को बलियो खम्बा थपिनु कति र माइलो कुरा हो ! एउटा वृक्षले फल दिएपछि र त्यसका बीउहरू फेरि नयाँ बिरुवा बनेर उम्रिँदा जुन सन्तुष्टि प्राप्त हुन्छ, त्यस्तै खुशी एउटा अभिभावकले आफ्नो कुल र वंशको विस्तारमा पाउँछ । यो समय भनेको आफ्ना अनुभवहरूलाई बाँड्ने र नयाँ पुस्तालाई सही मार्ग देखाउने समय पनि हो । परिवारको एउटा ठूलो घेराभित्र बसेर सबैको सुख-दु:खको साक्षी बन्नुमा एउटा बेग्लै गरिमा महसुस हुन्छ ।जब जीवनको मध्याह्न ढल्केर साँझ पर्न थाल्छ, तब बुढ्यौलीको शान्त प्रवेश हुन्छ । बुढ्यौलीलाई धेरैले शरीरको शिथिलता वा रोगको आगमनको रूपमा हेरेर डराउँछन्, तर दार्शनिक दृष्टिले हेर्ने हो भने यो त जीवनभरको अनुभवको निचोड र विश्रामको उत्कृष्ट घडी हो ।

वर्षौंदेखि बोकेका जिम्मेवारीका पोकाहरू, छोराछोरीको लालनपालनका चिन्ताहरू र समाजका अपेक्षाहरू बिस्तारै नयाँ पुस्तालाई सुम्पिन पाउनुमा एउटा अलौकिक मुक्ति छ । यो समय भनेको दौडधुपको संसारबाट अलि पर हटेर आफ्नै अन्तर्मनको यात्रा शुरु गर्ने बेला हो । अब हामीलाई कसैसँग केही प्रमाणित गर्नु छैन, न त कतै पुग्नु नै छ । अबको यात्रा केवल आफ्नै आत्मातिरको यात्रा हो । आध्यात्मिक चिन्तनमा डुब्दा प्राप्त हुने त्यो परम शान्ति, संसारका कुनै पनि भौतिक सुख वा पद-प्रतिष्ठासँग तुलना हुन सक्दैन ।

बुढ्यौलीमा आध्यात्मिक हुनु भनेको केवल मन्दिर जानु वा माला जप्नु मात्र होइन, बरु यो त 'हुनु' र 'नहुनु' बीचको सूक्ष्म भिन्नता बुझ्ने कला हो । विगतका गल्तीहरूमा पछुताउनुभन्दा पनि तिनबाट प्राप्त ज्ञानको उज्यालोमा वर्तमानलाई नियाल्नुको रमाइलो अर्कै हुन्छ । जीवनको अन्त्य अर्थात् मृत्यु कुनै दु:खद घटना वा अन्धकार होइन ।

*(साभार: न्यूज अफ नेपाल)*

# बिजुली गतिमै विवाद बढाएर बिदा भए कुलमान



काठमाडौं/जेनजी आन्दोलनपछि सुशीला कार्कीको मन्त्रिपरिषद्मा सबैभन्दा पहिलो चरणमा सहभागी तीन मन्त्रीमध्ये सबैभन्दा शक्तिशाली कुलमान घिसिङ नै देखिन्थे । त्यस्का दुई दुई कारण देखिन्थे ।

पहिलो- सबैभन्दा बढी बजेट परिचालन गर्ने तीनवटा मन्त्रालयहरू (भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ) को जिम्मा कुलमानलाई दिइयो । प्रधानमन्त्री निकट स्रोतका अनुसार, उनले यी तीनवटै मन्त्रालय त्यतिबेला 'मागेरै' लिए ।

दोस्रो- प्रधानमन्त्री सुशीला कार्कीले केही समयपछि नै सार्वजनिक रुपमा भनिन्- कुलमानजीलाई मन्त्री नबनाएको भए सरकार नै बन्ने थिएन ।

तर, ऊर्जासहितका ठूला मन्त्रालय चलाउने 'ऊर्जा' बोकेर बन्त्री बनेका कुलमानले त्यसलाई गलत ठाउँमा प्रयोग गरे । विद्युत् प्राधिकरणमा तीन दशकभन्दा बढी कर्मचारीका रुपमा काम गरेर आर्जन गरेको शक्ति उनले सुरुदेखि नै गलत ठाउँमा प्रयोग गर्न थाले । र, विवादमा पर्ने क्रम सुरु भयो ।

घिसिङले बन्न त मन्त्री बने तर मानसिकता भने विद्युत् प्राधिकरणको कार्यकारी निर्देशककै राखे । आएलगत्तै उनले प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई पदबाट बेदखल गरिदिए र त्यसको ठाउँमा आफ्ना 'दायाँ हात' मानिने मनोज सिलवाललाई नियुक्त गरे । प्राधिकरणकै कार्यकारी निर्देशकमा एउटालाई हटाएर अर्कोलाई नियुक्ति गर्ने प्रचलन नै यसअघिका सरकारले चलाएका कारण घिसिङ र शाक्यबीच निश्चित रुपमा प्रतिस्पर्धा थियो ।

तर, परिस्थितिले उनलाई मन्त्री पदमा पुऱ्याइसकेको थियो । एक काबिल इन्जिनियर तथा प्राधिकरणमा आफूभन्दा पनि वरिष्ठ रहेका शाक्यलाई साथमै लिएर काम गरेको भए उनको इज्जत झनै बढ्थ्यो । त्यसमाथि कुलमानलाई हटाएर अघिल्लो सरकारबाट प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरिएकै कारण आन्दोलनका क्रममा शाक्यको घर र गाडी जलाइएको थियो । उनी मनोवैज्ञानिक शकमा थिए । तर, घिसिङले मानवीय संवेदनासमेतलाई ध्यान नदिई उनलाई पदबाट हटाइदिए ।

कारण- ऊर्जा मन्त्रालय स्रोतका अनुसार, कुलमानले शाक्यलाई पद छोड्न निर्देशन दिँदै भनेका थिए- जोखिमपूर्ण काम गर्नुपर्ने छ, तपाईं सक्नुहुन्नँ ।

त्यो जोखिमपूर्ण काम के रहेछ भन्ने बुझ्न धेरै कुर्नुपरेन । प्राधिकरणको कार्यकारी निर्देशकमा मनोज सिलवाललाई नियुक्त गरेको भोलिपल्टै एक निजी भारतीय कम्पनीले सस्तोमा बिजुली दिने प्रस्ताव गर्दा गर्दै महँगोमा बिजुली किन्ने प्रस्ताव माग गरियो ।

पीटीसी इन्डियाले हिउँदमा प्रतियुनिट ६.७४ भारुमा बिजुली दिने प्रस्ताव गरेकोमा त्यसलाई घटाउन प्राधिकरणले छलफल गरिरहेकै अवस्थामा ६.९५ भारुमा सम्झौता गरी घिसिङ-सिलवालद्वयले कम्तीमा ४३ करोड गडबडी गरेका थिए ।

तर, जानेबेला त्यो सम्झौतालाई खारेज गर्ने निर्णय गरी त्यो गडबडीलाई उनी स्वयंले लाहाछाप लगाइदिए । जबकि, राजीनामा दिएपछिको पत्रकार सम्मेलनमा पनि उनले पुनः दाबी गरे, सो सम्झौतामा कुनै भ्रष्टाचार भएको छैन । विद्युत् नियमन आयोगको स्वीकृति लिएर कानूनसम्मत रुपमा यो निर्णय गरिएको उनको दाबी थियो । जबकि, विद्युत् प्राधिकरण र पीटीसी इन्डियाबीच २७ असोजमा सम्झौता हुँदा नियमन आयोगको सहमति नै लिइएको थिएन । आयोगले त्यसको दुई दिनपछि मात्रै सहमति दिएको थियो ।

अर्कोतिर, उनले विगतमा आर्थिक चलखेल हुने भनेर आरोप लाग्ने गरेको निजी ऊर्जा उत्पादकहरूसँगको विद्युत् व्यापार सम्झौता (पीपीए) खुलाउन अर्थ मन्त्रालयमा प्रस्ताव गरे, अर्थले साथ नदिएपछि त्यो रोकिएको छ ।

त्यसबाहेक उनले सयौं पूर्वाधार आयोजनाहरूको ठेक्का तोड्ने, बुढीगन्डकीलगायत ठूला परियोजनाको लगानी मोडालिटी टुंग्याउनेजस्ता दीर्घकालीन काम उनले गरे, जुन चुनाव गराउने म्यान्डेट पाएको अन्तरिम सरकारले गर्न पाउने नै होइन ।

लामो समयदेखि रुग्ण भएका आयोजनालाई समयमा टुंग्याउन कुनै न कुनै बोल्ड निर्णय गर्नु नै पर्ने थियो । तर, त्यस्ता आयोजनाको ठेक्का खारेज गरेर मात्रै त्यस्ता आयोजना सम्पन्न नहुने रहेछन् भन्ने राजधानी काठमाडौंका तीनकुने तथा टेकुका पुललगायत परियोजना हेर्दा थाहा हुन्छ । एक दशकभन्दा अघि नै ती आयोजनाको ठेक्का तोडिएकोमा अहिलेसम्म पनि विवाद समाधान भएको छैन भने ती पुल अलपत्र छन् ।

अर्कातिर, नागरिक सरकारको मन्त्री उनले समानान्तर रुपमा राजनीतिक अभ्यास गरेका थिए । आफ्नै नेतृत्वमा उनले उज्यालो नेपाल पार्टी गठन गरेका थिए, जसको घोषणा १७ मंसिरमै गरियो । ऊर्जा मन्त्रालयका पूर्वसचिव अनुपकुमार उपाध्यायलाई डमी (कुशको अध्यक्ष) अध्यक्ष बनाइयो ।

यसबीचमा उनको ऊज्यालो नेपाल पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबीच एकताको सम्झौता भयो र उनलाई उपसभापति बनाउने सम्झौता नै गरियो । तर, यसबीचमा उनले पटकपटक र राजीनामा दिन बुधबार राति गरिएको पत्रकार सम्मेलनमा समेत उनले यस विषयमा झुट बोले- मैले कुनै पनि पार्टीको सदस्यता लिएको छैन । तर, रास्वपासँगको एउटा प्रक्रियामा समस्या रहेको कुरा भने उनले लुकाएनन् ।

पत्रकार सम्मेलनमा उनले अर्को पनि झुट बोले- नेपालमा यसबीचमा बनेका सबै चुनावी सरकारका मन्त्री तथा प्रधानमन्त्रीले चुनावमा भाग लिएका छन् । तर, अहिलेको सरकार गैरराजनीतिक-नागरिक सरकार हो, प्रधानमन्त्रीले स्वयम्ले शुरुदेखि नै भनेकी थिइन् । यो सरकारका कुनै पनि सदस्यले चुनावमा भाग लिँदैन । यसअघि २०७० को चुनाव गर्न तत्कालीन प्रधान न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार बनेको थियो, जसका कुनै पनि मन्त्रीले चुनावमा भाग लिएका थिएनन् । यो तथ्यलाई पनि तोडमोड गरेर कुलमानले प्रस्तुत गरे ।

अर्कोतिर, सबैभन्दा ठूला मन्त्रालयको स्रोत र साधनको दुरुपयोग गर्दै देशका विभिन्न स्थानमा परियोजना निरीक्षण गर्ने नाममा पार्टीका गतिविधि गरेका थिए, जुन कुरा नैतिक हिसाबले विल्कुलै गर्न मिल्दैनथ्यो । तर, उनले विगतका चुनावी सरकारका मन्त्रीले पनि त्यसै गर्ने गरेको आशयको कुरा गर्दै आफ्ना गतिविधिको बचाउ गरे ।

कुलमान बिजुली गतिमा अन्तरिम सरकारको मन्त्री बन्न आइपुगे, यसबीचमा त्यही रफ्तारमा विवादमा पनि परे । यो अन्तरिम सरकार छोड्ने पहिलो मन्त्री पनि बन्न पुगे । यद्यपि, गैरराजनीतिक सरकारको मन्त्रीका रुपमा राजनीतिक व्यक्ति बस्न मिल्दैन भनेर समाज र मिडियाले प्रश्न गरेपछि बाध्यतामा नै किन नहोस्, उनले सोचेभन्दा अगाडि नै राजीनामा दिए, जसलाई भने सकारात्मक रुपमा लिनुपर्छ ।

तर, जाँदाजाँदै पनि उनले झुट बोल्न भने छोडेनन् । विद्युत् आयातमा ४३ करोड गडबडी भएको छैन भन्ने झुट फेरि बोले तर त्यसलाई पुष्टि गर्ने कुनै तथ्य प्रमाण पेश गर्न सकेनन् । अर्कोतिर, अझै राजनीतिमा नलागेको भन्ने अर्को झुट पनि अन्तिममा पनि बोले । लोडसेडिङ हटाएका कारण मानिसहरूले देवत्वकरण गरिदिएका छन्, त्यसका आडमा मानिसहरूलाई भ्रमित बनाउन सकिन्छ भन्ने भ्रम उनमा अहिले पनि देखियो ।

कुलमान घिसिङले आफूलाई प्रधानमन्त्रीकै उम्मेदवारका रुपमा आफूलाई प्रस्तुत गर्ने गरेका छन् । देश बनाउने जिम्मा आफैंले लिएका छन् । तर, झुटको जगमा जसरी उनले राजनीतिक दरबार खडा गर्ने सोच उनले राखेको देखिन्छ, त्यो कत्तिको दिगो होला भन्न सकिन्नँ ।

*स्रोत: अनलाइनखबर)*

# पेट्रोलमा इथानोल मिसाउने बाटो खुल्यो, २० वर्ष पुराना गाडीलाई पनि असर नपर्ने

काठमाडौं/दुई दशकदेखि योजना बनेर पनि लागु हुन नसकेको 'पेट्रोलमा इथानोल मिसाउने' कामलाई सरकारले बल्ल अघि बढाएको छ । लामो समयदेखि नीतिगत रूपमा चर्चामा रहे पनि कार्यान्वयन हुन नसकेको यो योजनालाई सोमबार बसेको मन्त्रिपरिषद् बैठकले 'पेट्रोलमा इथानोल मिश्रण सम्बन्धी आदेश-२०८२' स्वीकृत गरेसँगै अब व्यवहारिक रूपमै लागु हुने बाटो खुलेको हो ।

मन्त्रिपरिषद्को यो निर्णयसँगै नेपाल आयल निगमले लामो समयदेखि थाती रहेको मिश्रण प्रक्रियालाई तत्काल अघि बढाउने तयारी थालेको छ । नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टका अनुसार २० वर्षअघि नै योजना बने पनि स्पष्ट कार्यविधि र कानुनी आधार नहुँदा यो विषय बारम्बार अल्झिँदै आएको थियो । तर, अब सरकारले राजपत्रमा प्रकाशित हुने गरी आदेश नै जारी गरेपछि कार्यान्वयनका लागि बलियो आधार तयार भएको छ ।

खनिज इन्धन (पेट्रोल) मा जैविक इन्धन (इथानोल) मिसाउँदा देशको अर्थतन्त्र, वातावरण र स्वदेशी उद्योगलाई बहुपक्षीय फाइदा पुग्ने निगमको निष्कर्ष छ । निगमका कार्यकारी निर्देशक भट्टले इथानोललाई 'बायो फ्युल' र पेट्रोललाई 'मिनरल फ्युल' का रूपमा व्याख्या गर्दै यसको मिश्रणले वातावरणमा सकारात्मक प्रभाव पर्ने बताए ।

'पेट्रोल जल्दा कार्बन मोनोअक्साइड, कार्बन डाइअक्साइड, सल्फर डाइअक्साइड र नाइट्रोजन अक्साइडजस्ता हानिकारक ग्यासहरू उत्सर्जन हुन्छन्, जसले वायु प्रदूषण बढाउँछ,' उनले भने, 'तर पेट्रोलमा अक्सिजनको मात्रा बढी हुने इथानोल मिसाउँदा इन्धनको दहन प्रक्रिया राम्रो हुने र हानिकारक ग्यासको उत्सर्जन उल्लेख्य मात्रामा घट्छ ।'

वातावरण जोगाउन र नेपालले अन्तर्राष्ट्रिय मञ्चमा सन् २०४५ सम्ममा 'नेट जीरो कार्बन' (शून्य कार्बन उत्सर्जन) पुऱ्याउने प्रतिबद्धता जनाएको सन्दर्भमा यो योजना निकै सहयोगसिद्ध हुने दाबी गरिएको छ ।

आर्थिक दृष्टिकोणले हेर्दा यो योजना नेपालको व्यापार घाटा कम गर्न सहयोगी हुने पनि निगमको भनाइ छ । नेपालमा हाल शतप्रतिशत पेट्रोल विदेशबाट आयात हुन्छ । निगमको योजना अनुसार पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउने हो भने सोझै १० प्रतिशत पेट्रोलको आयात कटौती हुन्छ ।

'यसले पेट्रोल खरिदका लागि विदेसिने ठूलो रकम स्वदेशमै जोगिनेछ भने विदेशी मुद्राको सञ्चितिमा पनि सुधार आउनेछ,' कार्यकारी निर्देशक डा. भट्टले भने, 'इथानोल उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ उखुको मोलासिस र सिमल तरुल (कासाभा) स्वदेशमै उत्पादन हुने भएकाले यसले कृषि क्षेत्रको अर्थतन्त्रलाई पनि चलायमान बनाउनेछ ।'

**स्वदेशी उत्पादन अनिवार्य, आयात प्रतिबन्ध**

कार्यकारी निर्देशक भट्टका अनुसार पेट्रोलमा मिसाउने प्रयोजनका लागि विदेशबाट इथानोल आयात गर्न पाइने छैन । नेपालकै चिनी मिल वा अन्य उद्योगबाट उत्पादित इथानोल मात्र प्रयोग गरिनेछ । यसले गर्दा स्वदेशी उद्योगमा लगानी बढ्नेछ ।

'एउटा इथानोल प्लान्ट स्थापना गर्न करिब दुई अर्ब रुपैयाँ लगानी लाग्छ,' उनी भन्छन्, 'एउटा उद्योगबाट तीन सयदेखि पाँच सय जनाले प्रत्यक्ष रोजगारी पाउने भएकाले यसले रोजगारी सिर्जनामा पनि ठूलो टेवा पुऱ्याउने देखिन्छ ।' निगमले अब उत्पादकहरूको क्षमता हेरेर गुणस्तर विभागको मापदण्ड अनुसार पूर्ण पारदर्शी रूपमा इथानोल खरिद र मिश्रण प्रक्रियालाई तत्काल कार्यान्वयनमा लैजाने बताएको छ । इथानोलको मूल्य निर्धारणका लागि सरकारले पारदर्शी संयन्त्र बनाएको छ । अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग र आयल निगमका प्रतिनिधी सम्मिलित समितिले वर्षको एकपटक इथानोलको मूल्य र खरिद परिमाण निर्धारण गर्नेछ ।

हरेक वर्ष असार मसान्तभित्र मूल्य र परिमाण यकिन गरी साउनदेखि मिश्रण कार्य सुरु गरिने योजना बनाइएको छ । हाल चिनी उद्योगीहरूले प्रतिलिटर करिब ११० रुपैयाँको हाराहारीमा मूल्य पर्न आउने बताए पनि अन्तिम मूल्य निर्धारण भने सोही समितिले गर्ने भट्टले बताए ।

**प्राविधिक चुनौती र समाधान**

प्राविधिक रूपमा इथानोल प्रयोगमा केही चुनौतीहरू छन्, जसलाई व्यवस्थापन गर्न निगम तयार रहेको कार्यकारी निर्देशक भट्ट बताउँछन् । इथानोलले हावाबाट पानी सोस्ने (हाइग्रोस्कोपिक) गुण राख्छ । इन्धनमा पानीको मात्रा ०.५ प्रतिशतभन्दा बढी भएमा इन्जिनमा समस्या आउन सक्छ । त्यसैले गाडीमा प्रयोग गरिने इथानोल ९९.५ प्रतिशत शुद्ध (एनहाइड्रस) हुनुपर्छ ।

भण्डारण र वितरणका क्रममा हावा पसेर पानी नसोसोस् भन्नका लागि निगमका डिपो र पम्पहरूमा 'मोइस्चर ट्र्याप' प्रविधि जडान गरिनेछ । साथै, पानीको मात्रा थाहा पाउनका लागि सेन्सर वा रङ परिवर्तन हुने (पानी हुँदा सेतोबाट गुलाबी हुने) केमिकलको प्रयोग गरिनेछ । यो प्रविधि जडान गर्न धेरै महँगो नपर्ने र डिपोहरूमा सामान्य सुधार मात्र गरे पुग्ने भट्टले बताए ।

**सवारी साधनमा असर र इभीको सन्दर्भ**

सवारी साधनको इन्जिनमा पर्ने असरबारे धेरैको चासोलाई सम्बोधन गर्दै कार्यकारी निर्देशक भट्टले २० वर्ष पुराना गाडीहरूमा पनि १० प्रतिशत इथानोल मिसिएको पेट्रोल प्रयोग गर्दा कुनै समस्या नआउने दाबी गरे । उनले छिमेकी मुलुक भारतमा २० प्रतिशत र ब्राजिल तथा अमेरिकाजस्ता देशमा ८० प्रतिशतसम्म इथानोल प्रयोग हुने गरेको भए पनि त्यसका लागि सवारी साधनको इन्जिनमा विशेष व्यवस्था हुनुपर्ने बताए ।

भारतमा हाल २० प्रतिशतसम्म इथानोल मिसाइएको पेट्रोल बिक्री वितरण भइरहेको छ । यस्तै, ब्राजिल र अमेरिकामा भने १० देखि ८० प्रतिशतसम्म इथानोल प्रयोग हुने गरेको छ । ती देशहरूमा १०, २०, ४०, ५० हुँदै ७० देखि ८० प्रतिशतसम्म इथानोल मिश्रण गरेर परीक्षण तथा प्रयोग भइसकेको छ । तर, पेट्रोलमा इथानोलको मात्रा उच्च हुँदै जाँदा सामान्य इन्जिनले काम गर्दैन । 'ब्राजिल र अमेरिकामा उच्च मात्रामा (७०-८० प्रतिशत) इथानोल प्रयोग भए पनि त्यसका लागि सवारी साधनको इन्जिन नै विशेष प्रकारको हुने गर्छ वा इन्जिनमा परिवर्तन गरिएको हुन्छ,' उनले भने । नेपालमा गुड्ने पुराना गाडीहरूले १० प्रतिशत मिश्रण सहजै धान्ने पनि उनको भनाइ छ ।

'छिमेकी मुलुक भारतमै पनि अहिले २० प्रतिशत इथानोल मिश्रणको अभ्यास सुरु भइसकेकाले नेपालमा आउने अधिकांश सवारी साधनहरू सोही मापदण्ड अनुसार नै बनेर आएका हुन्छन्,' उनले थपे । विद्युतीय सवारी (ईभी) को प्रयोग बढिरहेको समयमा इथानोलको औचित्यमाथि उठ्ने प्रश्नमा डा. भट्टले इन्धनका सवारी पूर्ण रूपमा विस्थापित हुन अझै २०-३० वर्ष लाग्ने भएकाले यो संक्रमणकालीन समयमा इथानोल नै उत्तम विकल्प भएको दाबी गरे ।

विद्युतीय गाडी र ब्याट्री आयातित वस्तु हुन् भने इथानोल स्वदेशी उत्पादन हो । ईभीको ब्याट्री डिस्पोजलको समस्या र भविष्यको चुनौतीलाई मध्यनजर गर्दै आफ्नो देशमै उत्पादन हुने र तत्काल प्रदूषण घटाउने इथानोललाई प्रयोगमा ल्याउनु बुद्धिमानी हुने उनको तर्क छ ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

# माघमा आउँदैछन् ९ फिल्म, बक्सअफिस लयमा फर्किने आशा




काठमाडौं/मौसम मात्र होइन, अहिले घरेलु फिल्मको बक्सअफिस पनि चिसिएको छ । मङ्सिर र पुसमा प्रदर्शनमा आएका फिल्मले न्यून ब्यापार गरे । यद्यपि, माघदेखि बक्सअफिस लयमा फर्किने अपेक्षा छ ।

माघ महिनामा मात्र ९ फिल्म रिलिज तयारीमा छन् । यस महिना दर्शकले सामाजिक कथावस्तु, एक्सन, कमेडी र थ्रीलर विधामा बनेका फिल्म हेर्ने अवसर पाउनेछन् । १ माघमै तीन फिल्म रिलिज हुनेछन्, जसमा गोबर गणेश, मिर मिरे र भाइरल गोर्खे छन् ।

याम शेर्पाको लेखन तथा निर्देशनमा बनेको 'मिरमिरे' ले बाबु र छोरीको सम्बन्ध तथा गाउँको कथालाई समेटेको छ । यसमा दयाहाङ राई, प्रकाश सपूत र सिर्जना निङ्लेखु शीर्ष भूमिकामा छन् ।

टेलिभिजन सिरिजका कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे) को लेखन तथा डेब्यू निर्देशन रहेको यो फिल्ममा मरिचमान स्वयम र वर्षा सिवाकोटी शीर्ष भूमिकामा छन् । यसमा बुद्धि तामाङ, निर्मल शर्मा, माओत्से गुरुङको पनि अभिनय छ । निगम श्रेष्ठद्वारा निर्देशित 'भाइरल गोर्खे' ले सामाजिक सञ्जालमा भाइरल हुने प्रवृत्तिलाई ब्यंग्य गर्छ । यो फिल्ममा सौगात मल्ल एक साधारण गाउँले युवक 'गोर्खे' को भूमिकामा छन् । यसमा सौगातसहित सृष्टि श्रेष्ठ, बुद्धि तामाङ, लक्ष्मी गिरी शीर्ष भूमिकामा छन् ।

९ माघदेखि 'परिर्वतन' र 'बिगुल' प्रदर्शन तयारीमा छन् । विजय केरुङको निर्देशनमा बनेको 'परिवर्तन' एक्सन र सस्पेन्स विधामा आधारित छ । यसमा सुशील श्रेष्ठ, अञ्जना बराइली, सरोज खनाल र करिश्मा मानन्धरको अभिनय छ ।

रमेश कोइरालाको निर्देशनमा बनेको 'बिगुल' सामाजिक, राजनीतिक विषयवस्तुमा आधारित छ । यसमा बेनिशा हमाल, नरेन खड्का, विनोद न्यौपाने, नीर शाह र सरोज खनालको अभिनय छ ।

१६ माघमा 'आबाट आमा' र 'द ब्लू लाइट' रिलिज हुनेछन् । चन्द्र पन्तको लेखन तथा निर्देशनमा बनेको 'आबाट आमा' ले आमा र छोराबीचको भावनात्मक सम्बन्धलाई चित्रण गर्दछ । फिल्ममा प्रदीप रावत, बिपना थापा, पल शाह, साइग्रेस पोखरेल र उषा उप्रेती लगायतको अभिनय छ ।

'द ब्लु लाइट' बलिराम चौहानद्वारा निर्देशित मनोवैज्ञानिक थ्रीलर फिल्म हो । यसमा बेनिशा हमाल, अर्पण थापा, आयुषमान देशराज जोशी र सुरक्षा इटानीको अभिनय छ । २३ माघमा दुई फिल्म 'कुमारी' र 'रमिताको पिरती' प्रदर्शन हुँदैछन् । करिब उस्तै दर्शकीय बर्ग र कथावस्तुमा यी दुई फिल्म आधारित छन् । 'कुमारी' दिनेश राउतको लेखन तथा निर्देशनमा बनेको प्रेम कथामा आधारित फिल्म हो ।

यो फिल्ममा आकृति राजभण्डारी र अभिषेक खड्काले अभिनय गरेका छन् । यी दुईको फिचर फिल्ममा डेब्यू हुनेछ ।

'रमिताको पिरती' सुदिप्ताको लेखन तथा निर्देशनमा बनेको फिल्म हो । युवतीको मनोविज्ञानको कथालाई यसमा समेटिएको छ । यसमा आना शर्मा, धीरज मगर, समीर श्रेष्ठ र विनय श्रेष्ठ शीर्ष भूमिकामा छन् ।

# 'किन लाग्छ माया'को गीतमा नाचे मिस पबीदेखि सञ्जितसम्म



काठमाडौं/कुवेर तामाङको निर्देशनमा बनेको फिल्म 'किन लाग्छ माया'को पहिलो गीतको रूपमा 'धौले धनसार' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा पुष्कर सुनुवार, शान्तिश्री परियार र गोपाल ढकाल 'छन्दे'ले स्वर दिएका छन् भने शब्द डा. अशाबहादुर तामाङले लेखेका हुन् । गीतमा गायक सुनुवार स्वयंको संगीत छ ।

युवायुवतीबीचको प्रेमिल भावना र आपसी आकर्षणलाई केन्द्रमा राखिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू सञ्जित भण्डारी, जाहन्वी बस्नेत, ऋचा थापा, पवित्रा साकी (मिस पबी), हिउँवाला गौतम, स्याडो रियल, उत्तम केसी र सेजल सुवेदीको नृत्य देख्न सकिन्छ । सज्जावट र कोर सहरूको पारम्परिक पहिरनले भिडियो आकर्षक बनेको छ ।

सन् २०२६ भित्र प्रदर्शन गर्ने लक्ष्य राखिएको यस फिल्ममा राजेन्द्र खड्गी, रवि डंगोल, गोपाल ढकाल (छन्दे), सम्रान्त थापा, बेग पहारी, निरोज खुलाल, रामकाजी घिमिरे, सुभाष गजुरेल, रविन्द्र खड्का, सुनिल कटुवाल, विनोद ढकाल, गीता अधिकारी लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । फिल्मका लगानीकर्ता सञ्जित भण्डारी र मोनु खड्का हुन् ।

दाजु-भाइको सम्बन्धको कथामा आधारित यस फिल्ममा रामकाजी घिमिरेको पटकथा तथा संवाद, स्याडो रियलको कथा, राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन, रामशरण उप्रेती र रामकुमार केसीको डीओपी तथा बनिष शाह र नविन चौधरीको सम्पादन रहेको छ । फिल्मले दर्शकको मन जित्नेमा निर्माण पक्ष विश्वस्त देखिएको छ ।

# 'धुरन्धर' बन्यो सर्वाधिक कमाउने हिन्दी फिल्म, तोडियो 'पुष्पा २'को रेकर्ड

काठमाडौं/अभिनेता रणवीर सिंह स्टारर फिल्म 'धुरन्धर'ले गएको एक महिनामा बलिउडका सबै रेकर्ड ध्वस्त पाऱ्यो । हरेक दिन र विकेन्डमा फिल्मको नाममा रेकर्ड बनेका छन् । तर, यसका बाबजुद पनि एउटा रेकर्ड बचेको थियो- सबैभन्दा ठूलो हिन्दी फिल्मको रेकर्ड । यो यस्तो रेकर्ड थियो, जुन बलिउडसँग नभइ तेलुगू फिल्म 'पुष्पा २'सँग थियो । अब यसको रेकर्ड पनि तोडिएको छ ।

भारतीय मिडियाका अनुसार 'पुष्पा २'को हिन्दी भर्सनले ८३० करोड नेट व्यापार गरेको थियो । 'धुरन्धर'ले मंगलबारको व्यापारबाट 'पुष्पा २'को हिन्दी भर्सनको कमाइलाई उछिनेको छ । फिल्मले प्रदर्शनको ३३ औं दिनमा ५ करोड ७० लाखको व्यापार गर्दै ८३० करोडको आँकडा पार गरेको हो । ३२ औं दिनसम्म फिल्मको कमाइ ८२५ करोड ७० लाख नेट थियो ।

'पुष्पा २'को रेकर्ड तोडिएसँगै 'धुरन्धर'ले सर्वाधिक कमाउने हिन्दी फिल्मको कीर्तिमान बनाएको छ । फिल्मको कमाइको रफ्तार अझै जारी रहेकाले यसले भारतमा साढे ८ सय करोडको आँकडा छुन सक्ने प्रक्षेपण गरिएको छ । फिल्मको विश्वव्यापी कमाइ १२ सय करोड पार भइसकेको छ । नेपालमा मात्र फिल्मले ९ करोड ७७ लाखभन्दा बढीको ग्रस व्यापार गरेको छ । सन् २०१७ पछि सर्वाधिक कमाउने हिन्दी फिल्मको रेकर्ड सम्हाल्न बलिउडलाई गाह्रो परेको थियो ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# आगामी चुनाव नलड्ने बिरोध खतिवडाको घोषणा

## जेनजी आन्दोलनप्रति सम्मान व्यक्त

साझाकुरा संवाददाता

हेटौँडा, २३ पुस/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता बिरोध खतिवडाले फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरेका छन् ।

मकवानपुरको क्षेत्र नं. १ र २ दुबै क्षेत्रबाट सिफारिसमा पर्नुभएका खतिवडाले बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै उम्मेदवार नबन्ने घोषणा गरेका हुन् । गत भदौ २३ र २४ गते भएको जेनजी युवा पुस्ताको आन्दोलनको मर्मलाई आत्मसात गर्दै उम्मेदवार नबन्ने निर्णय गरेको उनले बताए ।

नेता खतिवडाले आफू चुनाव नलडे पनि राजनीतिमा भने सक्रिय रहने उल्लेख गरे । पार्टीका अन्य उम्मेदवारलाई जिताउन आफू लागि पर्ने उनले बताए । विगतको चुनावमा 'नो नट अगेन' को नारा उठेपनि जेनजी आन्दोलनले पुराना पुस्ताका नेतालाई विश्राम लिन स्पष्ट सन्देश दिएको उनको धारणा छ । नेता खतिवडाले चुनावमा टिकट पाउन आफूलाई नेतृत्व तहबाट कुनै समस्या नरहे पनि पार्टीका अन्य



नेताहरुलाई मौका दिन सो निर्णय गरेको स्पष्ट पारे ।

नेता खतिवडाले पत्रकार सम्मेलनमा आफू सांसद् भएदेखि गरेका कामहरुको विवरण समेत सुनाए । तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकारमा काभ्रेमा लैजान खोजिएको मदन भण्डारी प्राविधिक विश्वविद्यालयको एउटा भाग चित्लाङमा ल्याउन सफल भएको उनले दाबी गरे । नेता खतिवडाले आफ्नो पालामा सडक पूर्वाधारको क्षेत्रमा पर्याप्त बजेट विनियोजन भएपनि पछिल्लो ३ वर्षयता मकवानपुर विकासको क्षेत्रमा पछि परेको बताए ।

नेता खतिवडाले फागुन २१ मा हुने निर्वाचनमा कांग्रेस, एमाले र नेकपाबीच चुनावी गठबन्धन नहुने स्पष्ट पारेका छन् । प्रजातन्त्रको मुल्य र मान्यतालाई जोगाउन पनि प्रमुख तीन दलले गठबन्धन गर्न नहुने उनको धारणा छ । विगतमा कांग्रेस र एमालेको गठबन्धनलाई आफूहरूले विरोध गरेको कारण पनि प्रमुख तीन दलहरुबीच नै गठबन्धन गर्ने पक्षमा आफ्नो पार्टी नरहेको उनले उल्लेख गरे । नेता खतिवडाले पछिल्लो राजनीतिक घटनाक्रमले बामपन्थी भन्दा कांग्रेससंग मिल्न सजिलो रहेको स्थिति देखापरेको समेत बताए ।

पूर्व स्वास्थ्यमन्त्री खतिवडा राष्ट्रिय पञ्चायतहुँदै प्रतिनिधिसभाको सदस्यका रूपमा मकवानपुरबाट ६ पटक उम्मेदवार बनेर चार पटक सफलता हात पार्न सफल भएका थिए । २०४३ सालमा मालेको तर्फबाट जनपक्षीय उम्मेदवारको रूपमा खडा भएका उनी पराजित भएका थिए । २०४८, २०५१, २०५६ र २०७४ सालको प्रतिनिधिसभाको निर्वाचनमा उनले विजय हासिल गरेका थिए ।

एमाले विभाजित भएपछि तत्कालीन एकीकृत समाजवादीबाट स्वास्थ्यमन्त्री बन्न सफल भएका खतिवडा २०७९ सालको प्रतिनिधिसभाको निर्वाचनमा एमालेका नेता महेश बर्तौलासंग पराजित भएका थिए ।

# खर्च देखिने, उपलब्धि नदेखिने प्रवृत्ति अन्त्य गर्नुपर्छः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौँडा, २३ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सुशासन र उपलब्धिमूलक खर्चप्रति जोड दिनुभएको छ ।

बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौँडामा बसेको बागमती प्रदेश सरकारको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै उनले प्रदेश सरकारले विकासमा रकम खर्चिने तर स्पष्ट उपलब्धि नदेखिने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताए ।

मुख्यमन्त्री बानियाँले सुशासन, पारदर्शिता र जवाफदेहिता प्रदेश सरकारको मुख्य प्राथमिकता भएको उल्लेख गरे । खर्च भएको बजेट कुन शिर्षकमा ? किन ? खर्च भयो भन्ने कुरा आम नागरिकले देख्न र बुझ्न पाउनुपर्ने धारणा उनले राखे ।

'वर्षेनि पूँजीगत र साधारण बजेट छुट्याइन्छ, खर्च पनि हुन्छ, तर उपलब्धि देखिँदैन भने त्यसको कुनै अर्थ रहँदैन', उनले बताए, 'हामीले गरेका निर्णय र कामबीच तालमेल नहुँदा प्रदेश सरकारले गरेका निर्णयहरु वर्षौंसम्म कार्यान्वयनमा नआएको अवस्था देखिएको छ ।'

तीन तहको सरकारको संरचना कार्यान्वयनमा आएसँगै विकास निर्माण तथा कार्यान्वयनको मुख्य जिम्मेवारी प्रदेश सरकारमा आएको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले केन्द्र सरकारको भूमिका नीति निर्माणमा सीमित हुने स्पष्ट पारे ।

प्रदेश सरकार संघीयताको पहिचान र प्रतिस्पर्धाको केन्द्र भएको बताउँदै उनले भूगोल र विकास कार्यको नेतृत्व प्रदेश सरकारले लिनुपर्ने धारणा व्यक्त गरे । प्रदेश सरकार संघीय संरचनाको नयाँ तह भएकाले चुनौती धेरै भएपनि अवसर पनि उत्तिकै रहेको उनको भनाइ छ ।

चुनौती र अवसरलाई सँगसँगै लिएर प्रभावकारी काम गर्न सके प्रदेश सरकारप्रति जनविश्वास बढ्ने विश्वास उनले व्यक्त गरे । मुख्यमन्त्री बानियाँले सुशासन केन्द्रमार्फत् सञ्चालन गरिएका तालिमहरुबाट प्रदेशमा दक्ष जनशक्ति उत्पादन हुनुपर्नेमा जोड दिए । निजामती कर्मचारीलाई व्यवस्थित, सक्षम र जिम्मेवार बनाउन आवश्यक रहेको उनले बताए । यसका लागि प्रदेशका मुख्य सचिव तथा सम्पूर्ण सचिवहरूलाई प्रभावकारी व्यवस्थापन र समन्वयमा ध्यान दिन उनले आग्रह गरेका छन् ।

# सामाजिक सञ्जालमार्फत ३०० श्रमिकबाट १८ करोड उठाएर सञ्चालक फरार






काठमाडौं/रामेछापका राजेश कार्कीले सामाजिक सञ्जाल फेसबुकमा बुल्गेरियामा रोजगारी अवसरको विज्ञापन देखे । फेसबुकमा प्रचारका लागि राखिएको पोस्टर हेरेर उनले एप्लाई गर्ने सोच बनाए र कोटेश्वरमा रहेको 'कोज्मो एजुकेसन कन्सल्टेन्सी' मा सम्पर्क गरे । अफिसमा जाँदासम्म उनलाई सबै कुरा ठिक लागेको थियो ।

कार्यालयमा रहेका म्यानेजर हिमा नायक र काउन्सुलर आस्था खड्काले उनलाई काउन्सिलिङ गरे । बुल्गेरियामा रोजगारीको अवसर, गर्नुपर्ने काम, त्यसका लागि लाग्ने पैसा लगायतका विषयमा उनलाई जानकारी दिइयो ।

'सबै विषय बुझ्दा ठिकै लाग्यो, प्यान दर्तादेखि सबै प्रक्रिया बुझाइयो, बुल्गेरिया र क्रोएसिया भनेर भ्याकेन्सी पनि थियो,' उनले भने, 'हामीलाई विश्वस्त पार्न उनीहरूले डिपोजिट नलिने, एडभान्स नलिने भन्दै प्रहरी रिपोर्ट निकाल्न भनियो ।' प्रहरी रिपोर्ट दिल्लीमा रहेको बुल्गेरियाको दूतावासमार्फत भेरिफाई गर्नुपर्ने जानकारी दिइयो । त्यसका लागि २५ हजार रूपैयाँ मागियो । 'प्रहरी रिपोर्टमा दूतावासको छाप लगाउन आफै दिल्ली जाने कुरा पनि भएन' उनले भने । कन्सल्टेन्सीको खातामा नै २५ हजार रूपैयाँ जम्मा गरिदिएको उनले बताए ।

प्रक्रिया सुरु गरेको करिब तीन महिनापछि वर्क पर्मिट आयो । त्यसमा हस्ताक्षर गरेपछि भीएफएक्स अपोइटमेन्टका लागि २ लाख रूपैयाँ जम्मा गर्न भनियो । साथै मेडिकल गर्नका लागि ५ हजार ५ सय रूपैयाँ समेत कन्सल्टेन्सीलाई बुझाइएको उनले बताए । जनवरी ५ तारिखमा भीएफएक्सको लागि दिल्ली जानुपर्ने भनिएको थियो । जान नपाउँदै कन्सल्टेन्सीका कर्मचारीको फोन अफ भयो । त्यसपछि उनलाई लाग्यो, 'अब म ठगीमा परेँ ।'

भक्तपुरका राजेश श्रेष्ठ पनि क्रोएसिया जान कोज्मो कन्सल्टेन्सी पुगे । सामाजिक सञ्जालमा विज्ञापन देखेपछि उनी समेत क्रोएसिया जान तयार भएका थिए । त्यसका लागि उनले २ लाख २८ हजार रूपैयाँ कन्सल्टेन्सीलाई बुझाएका थिए । वर्क पर्मिट आएपछि उनले उक्त रकम क्यास नै दिएका थिए ।

चन्द्रलाल नगरकोटीले

क्रोएसिया जानका लागि २ लाख ३५ हजार रूपैयाँ त्यही कन्सल्टेन्सीलाई बुझाए । उनी क्रोएसिया प्याकेजिङको कामका लागि जाने तयारीमा थिए । जब भीएफएक्सको लागि दिल्ली जाने तयारीमा थिए । त्यसपछि कार्यालयका सबै नम्बर बन्द भए, ठगीमा परेको थाहा पाए ।

मिनु मोक्तानका श्रीमान र नन्द समेत त्यसरी नै ठगीमा परेका छन् । वैदेशिक रोजगारीका लागि क्रोएसिया जाने भनेर ४ लाख ५४ हजार रूपैयाँ कन्सल्टेन्सीलाई बुझाएका थिए । यसरी कोज्मोले धेरै जनाबाट वैदेशिक रोजगारीका लागि क्रोएसिया र बुल्गेरिया पठाउने भन्दै करोडौं रूपैयाँ उठाएको पाइएको छ । ग्रिसमा बस्दै आएको भनिएका सञ्चालक लाल बाबु राम हालसम्म सम्पर्कमा छैनन् । उनी ह्वाट्सएपको नम्बरबाट जान चाहनेहरूसँग कुरा गर्दै आएका थिए । तर, अहिले उनको ह्वाट्सएप नम्बर नै हटेको छ ।

वैदेशिक रोजगारीका लागि क्रोएसिया र बुल्गेरिया जाने भनेर पैसा बुझाएका १५० जनाभन्दा बढी पीडित सम्पर्कमा आएका छन् । उनीहरूले वैदेशिक रोजगार विभाग र प्रहरीमा उजुरी दिने तयारी गरेका छन् । उजुरी दिन गएका पीडितहरूले बिहीबार बिहान दर्ता गराउने तयारी गरेका छन् । उजुरी लेख्न समय लागेपछि बुधबारका लागि समय नपुगेको र भोलि बिहान उजुरी दर्ता गरिने कार्कीले बताए ।

पीडितहरूले कोटेश्वरमा रहेको कन्सल्टेन्सीको कार्यालयबाट दुई जना कर्मचारीलाई नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका थिए । त्यसरी पक्राउ पर्नेहरूमा हिमा र आस्था छन् । श्रेष्ठका अनुसार त्यसरी ठगीमा पर्नेहरूमा ३०० भन्दा बढीको संख्यामा छन् । आफूहरूबाट प्रतिव्यक्ति १ लाखदेखि २ लाख ८५ हजार रूपैयाँसम्म उठाइएको पीडित बताउँछन् ।

प्रहरीसँगको सोधपुछको क्रममा पक्राउ परेका दुवै जनाले समेत ३०० जनाबाट १८ करोडको हाराहारीमा पैसा उठाएको बताएका थिए । वैदेशिक रोजगार विभागले पीडितहरूलाई आवश्यक प्रमाणसहित उजुरी दिन भनेको छ । उजुरी आएपछि आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाउने बोर्डले जनाएको छ ।

# गाँजालाई बैधानिकता दिन विधेयक ल्याइन्छः मुख्यमन्त्री बानियाँ




साझाकुरा संवाददाता

हेटौँडा, २३ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बागमती प्रदेश सरकारले औषधीय गुणयुक्त गाँजालाई बैधानिकता दिनको लागि गाँजासम्बन्धी विधेयक ल्याइने प्रतिवद्धता जनाएका छन् ।

बुधबार मकवानपुरको राक्सिराङ गाउँपालिकाको १९ औं अधिवेशन उद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री बानियाँले संसदबाट गाँजासम्बन्धी विधेयक पारित गरी आवश्यक नियम र कार्यविधि बनाएर गाँजालाई प्रशोधन गरी विभिन्न सामाग्री उत्पादन गर्न प्रोत्साहित गरिने प्रतिवद्धता जनाएका हुन् ।

'अब गाँजालाई व्यवस्थित गर्नुछ । गण्डकी प्रदेश सरकारले पनि गाँजासम्बन्धी विधेयक ल्याइसकेको छ । हामीले पनि विधेयक गरेपछि ऐन कानुन नियम कार्यविधि बनाएर संघ प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी गाँजालाई प्रशोधन गरी तेलदेखि क्यान्सरको रोग निको हुने औषधि बनाउनेतर्फ लाग्नुपर्नेछ । अब कुरामा अलमलिने बेला छैन ।' मुख्यमन्त्री बानियाँले भने ।

मुख्यमन्त्री बानियाँले घरेलु मदिरालाई ब्राण्डिङ गर्नको लागिसमेत प्रदेश सरकारले कानुन बनाउन लागेको जानकारी दिए । विदेशबाट आयातित मदिरा न्युनीकरण गर्दै घरेलु मदिरालाई ब्रान्डिङ गर्ने योजना आफूहरुको रहेको उनले सुनाए । 'कोदो, मकै, किबी, गिट्ठा जस्ता अन्न र फलफूलबाट घरेलु मदिरा उत्पादन गरी विदेशमा समेत बेच्न सक्ने बनाउने हाम्रो योजना छ । घरेलु मदिरा प्रहरीले फाल्ने अवस्था थियो । अब त्यो समस्या हट्नेछ ।' मुख्यमन्त्री बानियाँले भने ।

मुख्यमन्त्री बानियाँले अहिले विकट गाउँहरुमा पूर्वाधार विकासले तीव्रता पाइरहेको भन्दै यो नै गणतन्त्र र संघीयताको महत्वपूर्ण उपलब्धी भएको बताए । मकवानपुरको विकट राक्सिराङ गाउँपालिका पनि संघीयतापछि विभिन्न विकासका काम हुँदै सुगमतर्फ उन्मुख हुँदै गएको बताए ।

गाउँपालिकामा थप सडक विस्तार, पुल निर्माण लगायतमा प्रदेश सरकारले लगानी गरिरहेको र थप बजेटको व्यवस्था गर्ने प्रतिवद्धता पनि उनले जनाए । मनहरीबाट परेवाभीर हुँदै मलेखु निस्कने सडकलाई प्राथमिकताका साथ प्रदेश सरकारले बजेट विनियोजन गरी काम अघि बढाइने पनि मुख्यमन्त्री बानियाँले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एवम् पूर्वमन्त्री कुमारी मोक्तान, प्रदेशसभा सदस्य भारती पाठक, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान, मुख्यमन्त्री बानियाँका प्रमुख राजनीतिक सल्लाहकार बुद्ध लामा, मनहरी ३ नम्बर वडाका अध्यक्ष उत्तम वाइबा, पूर्व वडाध्यक्ष बाबुलाल स्याङ्तानलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमकै बीच विभिन्न क्षेत्रबाट योगदान गर्नेहरुलाई गाउँपालिकाले सम्मान समेत गरेको थियो । हिउँदे अधिवेशन उद्घाटनसँगै मुख्यमन्त्री बानियाँले गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनसमेत उद्घाटन गरेका थिए ।

# सुख्यायामसंगै भीमफेदीमा खानेपानी अभाव बढ्यो

साझाकुरा संवाददाता

हेटौँडा, २३ पुस/ मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ६ मा खानेपानीको समस्या बढेको छ । वर्षौं पुराना खानेपानी संरचनाहरू जीर्ण बन्दै गएपछि स्थानीय बासिन्दा खानेपानीको अभाव झेल्न बाध्य भएका हुन् ।

राणाकालीन समयमा निर्माण गरिएको पानी ट्याङ्कीमा व्यापक चुहावट देखिएको छ भने अन्य संरचनाहरू पनि मर्मतसम्भारको अभावमा प्रयोग गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

स्थानीयका अनुसार वि.सं. २०५२ सालमा नेपाल रेडक्रस सोसाइटीको सहयोगमा निर्माण गरिएको पानी ट्याङ्की हाल पूर्णरूपमा जीर्ण भइसकेको छ । ट्याङ्की कमजोर भएपछि पानी भण्डारण गर्न नसक्दा उपभोक्ताहरूलाई दैनिक समस्या परेको छ ।

यसैगरी, भीम आधार सामुदायिक विद्यालयको संयोजनमा निर्माण गरिएको खानेपानी प्रशोधन केन्द्रसमेत तत्काल मर्मत आवश्यक रहेको स्थानीय उपभोक्ताहरूको भनाइ छ ।

खानेपानीको रेखदेख र व्यवस्थापनका लागि गठन गरिएको भीमसेन खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लामो समयदेखि निष्कृय रहँदा साना समस्यासमेत विकराल बन्दै गएको स्थानीयले गुनासो गरेका छन् । स्थानीय उपभोक्ताहरूले वडा कार्यालयलाई यस विषयमा तत्काल छलफल गरी समाधान निकाल्न आग्रह गरेका छन् । समस्यालाई मध्यनजर गर्दै भीमफेदी वडा नम्बर ६ का वडा अध्यक्ष सोमबहादुर घलानले खानेपानी समस्या समाधानका लागि वडा कार्यालय गम्भीर रहेको बताए ।

उनका अनुसार जीर्ण संरचनाहरूको मर्मतका लागि वडा कार्यालयबाट तीन लाख बजेट विनियोजन गरिएको छ । विनियोजित बजेटमार्फत् पानी ट्याङ्कीको चुहावट नियन्त्रण गर्ने र खानेपानी प्रशोधन केन्द्रको सुधार गरिने जनाइएको छ । साथै, निष्कृय रहेको उपभोक्ता समितिलाई पुनर्गठन गर्ने वा नयाँ ढंगले सञ्चालन गर्ने विषयमा पनि पहल गरिने वडा कार्यालयले जनाएको छ ।

वडा कार्यालयले बजेट विनियोजन गरेसँगै अब चाँडै नै भीमफेदी पारीबजार, वारीबजार, टारगाउँ, नयाँ सडक र सिमलटार क्षेत्रका बासिन्दाले सुरक्षित तथा व्यवस्थित खानेपानी पाउने आशा पलाएको छ ।

पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.को

**१५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि. को २०८२/०८/२७ गते शनिबारको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम १५ औं वार्षिक साधारण सभा तपशिल बमोजिम मिती, समय र स्थानमा सम्पन्न हुने भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौ ।

**तपशिल**

मिति : २०८२ पौष २६ गते शनिबार
समय : विहान ९:०० बजे
स्थान : श्रेष्ठ होटल "पुरानो MC Banquet"
(प्रभाकर पथ )

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. को

**२६ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना !**

मिति २०८२ मंसिर १० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको २६ औं बार्षिक साधारणसभा देहायमा उल्लेखित प्रस्तावहरुमा छलफल गरि निर्णय गर्नको लागी निम्न मिति, समय र स्थानमा तय गरिएको हुँदा यहाँहरुको अनिवार्य उपस्थितीको लागी हार्दिक आमन्त्रण गरिन्छ ।

**प्रस्तावहरू**

१) साधारणसभाको वैधानिकता सम्बन्धमा ।
२) निर्णय पुस्तिका प्रमाणितको लागी प्रतिनिधी चयन सम्बन्धमा ।
३) अध्यक्षज्युको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
४) सचिवज्युको बार्षिक संस्थागत प्रगति प्रतिवेदन सम्बन्धमा ।
५) कोषाध्यक्षज्युको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा प्रस्तावित बजेट सम्बन्धमा ।
६) आर्थिक बर्ष २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
७) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
८) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
९) विनियममा थप व्यबस्था तथा शंसोधन सम्बन्धमा ।
१०) आर्थिक बर्ष २०८२/०८३ को लागी लेखा परीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११) शेयर लाभांश तथा संमक्षीत पुर्जी फिर्ता कोष वितरण सम्बन्धमा ।
१२) आर्थिक वर्ष २०८२/०८३ मा बजेट पारित पुर्व भएको खर्च अनुमोदन सम्बन्धमा ।
१३) लेखा सुपरीवेक्षण समिति र सञ्चालक समितिको चयन सम्बनधमा ।

**तपशिल** :

मिति : २०८२ साल पौष २६ गते शनिवार
समय : बिहान १०:०० बजेदेखि
स्थान: नवज्योती मा. वि.को प्राङ्गण, हेटौंडा ०७ नागस्वती

युवराज गौतम
सचिव

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. को**
हेटौंडा ०७, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना